Regd. No. 1300/067/068
PAN: 600232009

# हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
# Hydroelectricity Investment And Development Company Ltd.

(नेपाल सरकारको स्वामित्व रहेको वित्तीय संस्था)

प.सं. ०८०/८१
च.नं. (Ref. No.): ३९५

मिति: २०८०/०९/०४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौ।

**विषयः साधारण सभा, बुक क्लोज तथा लाभांश सम्बन्धमा।**

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०८०/०९/०४ गते साँझ ४:१५ बजे बसेको यस कम्पनीको सञ्चालक समितिको २८७औं बैठकबाट बाह्रौं वार्षिक साधारण सभा गर्ने सम्बन्धमा तपशिल बमोजिमको निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु:

१. कम्पनीको बाह्रौं वार्षिक साधारण सभा मिति २०८० पौष २९ गते, आइतबार आयोजना गर्ने।
२. बाह्रौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/०९/१८ गते कम्पनीको शेयरधनी दर्ता किताब तथा शेयर दाखिला खारेजीको कार्य बन्द रहने।
३. कम्पनीले शेयरधनीहरुलाई चुक्ता पूँजीको ५.२६३% (पाँच दशमलव दुई छ तीन प्रतिशत) का दरले हुने रू. १,१९,८७,२६,२८३।- (अक्षरेपी एक अर्ब उन्नाइस करोड सतासी लाख छब्बीस हजार दुई सय त्रियासी मात्र) नगद लाभांश वितरण गर्न स्वीकृतिको लागि बाह्रौं वार्षिक साधारण सभामा प्रस्ताव पेश गर्ने। *(कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) मा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र लाभांश वितरण गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले प्रस्तावित लाभांश नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात मात्र वितरण गरिनेछ।)*

बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना तथा विस्तृत जानकारी पछि प्रकाशित गरिनेछ।

भवदीय,

जिवन कुमार बस्नेत
कम्पनी सचिव

बोधार्थ:

१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर।
२. श्री ग्लोबल आइएमइ क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ।